वार्षिक नीति, कार्यक्रम तथा बजेट

आर्थिक वर्ष २०७६/७७

मितिः २०७६/०३/१०

राक्सिराङ्ग गाउँपालिका

चैनपुर, मकवानपुर

खण्ड १: परिचय तथा समिक्षा

१.१ पृष्ठभूमी

मकवानपुर जिल्लाको पश्चिमी उत्तर भागका ४ वटा साविक गा.वि.स.हरु राक्सिराङ्ग, काँकडा, खैराङ्ग र सरिखेत मिलाई नेपाल सरकारको मिति २०७३/११/२७ को निर्णयले राक्सिराङ्ग गाउँपालिका गठन बह्येको हो | यस गाउँपालिकाको जनसंख्या ३०७६९ (घरधुरी सर्वेक्षण,२०७५, राक्सिराङ्ग गा.पा.), कुल क्षेत्रफल २२६.७ वर्ग कि.मि. र जनघनत्व १३५.७२ प्रति व्यक्ति वर्ग कि.मि.छ | यसको पूर्वमा हेटौडा उप-महानगरपालिका र कैलाश गाउँपालिका, पश्चिममा चितवन जिल्लाको राप्ति नगरपालिका, दक्षिणमा मनहरी गाउँपालिका र उत्तरमा कैलाश गाउँपालिका र धादिङ्ग जिल्लाको बेल्खु रोराङ्ग गाउँपालिका पर्दछ |

नेपालको वर्तमान संविधानले नेपालमा संघिय लोकतान्त्रिक गणतन्त्रात्मक शास्सन व्यवस्थाको माध्यमद्वारा दिगो शान्ति, सुशासन, विकास र सम्वृद्धिको आकांक्षा पुरा गर्ने लक्ष्य लोएको छ | सोहि अनुसार गाउँपालिकाको शासन व्यवस्थाको सामान्य निर्देशन, नियन्त्रण र संचालन गर्ने अभिभारा गाउँ कार्यपालिकामा रहे अनुसार गाउँपालिकाले आफ्ना क्रियाकलाप संचालन गरिरहेको छ | जनताका इच्छा आकांक्षा र चाहनालाई गाउँसरकार बाट सम्बोधन गरि संघीयताका लाभहरूको सम्प्रेषण गर्ने महत्वपूर्ण जिम्मेवारी हाम्रो समू रहेकाले यो चुनौतीलाई अवसरका रुपमा रुपान्तरण गरि परिवर्तनका सकारात्मक नतिजाहरुतर्फ इमान्दार तरिकाले केन्द्रित हुनु जरुरि रहेको छ |

१.२ चालु आर्थिक वर्षको नीति तथा कार्यक्रमको समिक्षा

चालु आ.व.मा "कृषि, विद्युत, पर्यटन र पूर्वाधार, राक्सिराङ्गको विकासको आधार" भन्ने मूल नाराका साथ गाउँपालिकाको समृद्दि तर्फको यात्रालाई अगाडि बढाउने भनि मूल नीति अबलम्बन गरिएको थियो । सोहि नीतिलाइ सार्थक तुल्याउन भएका प्रगतिहरुलाई निम्न लिखित रुपमा प्रस्टयाइएको छ :

क) आर्थिक विकास :-

निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक कृषितर्फ उन्मुख गर्दै व्यवसायिक कृषिलाई बजारको प्रतिस्पर्धी हुन एवं बिषादीरहित (अर्गानिक) र गुणस्तरीय उत्पादनका लागि कृषिका सबै

सरोकारवालाहरु (उत्पादक, प्रशोधनकर्ता, व्यापारी) समेतको माग र आवस्यकता अनुसार उपलब्ध स्रोतको आधारमा सहजीकरण गर्ने नीति लिइएकोमा कृषि र पशुफर्म दर्ताको सुरुवात गरिएको छ । त्यस्तै कृषि एवं पशुपालनका क्षेत्रमा पशुसेवा प्रसारका कार्यक्रम, समूह समितिहरु गठन र कार्यक्रममा आवद्धता, कृषक भ्रमण, तालीम, गोष्ठी जस्ता सचेतनामूलक कार्यक्रम सञ्चालन गरियो । कृत्रिम गर्भाधान मार्फत नश्ल सुधार गरिनुका साथै उन्नत जातको बोका अनुदानमा वितरण गरियो । कृषि र पशु विमा सम्वन्धमा अभिमूखिकरण गरी कृषि पशु विमा प्रति किसानहरुलाई प्रोत्साहन गरियो । गाउँपालिका कृषि शाखाले साना सिचाई आयोजनाहरु प्रभावकारी रुपमा संचालन गर्नुका साथै वडा नं.९ बाट हाटबजार संचालनमा ल्याई स्थानीय उत्पादनलाई प्रोत्साहन गरिएको छ । कृषि आधुनिकीकरणका लागि गाउँपालिकाले अनुदानमा हात्ते ट्रयाक्टर, थ्रेसर , प्लास्टिक टनेल, मल्चिन प्लास्टिक आदि वितरण गरि प्रोत्साहन गरिएको छ | किसानहरुलाई निःशुल्क मकै र धानको बिउ वितरण गरिनुका साथै मौरी, घ्युसिमि, गोलभेडा पकेट क्षेत्रका लागि अनुदान उपलब्ध गरियो | सम्भावित पर्यटकीय एवं सास्कृतिक क्षेत्रहरुको पहिचान र विकास गरी दिगो आर्थिक विकास र रोजगारीको सृजना गर्दै लगिने नीति अनुरुप चेमेरे गुफा, जलपरी झरना, भिम्बुंग, चुरेडाँडा क्षेत्रको बहुबर्षीय DPR तयार गरि पर्यटनको क्षेत्रको विकासका लागि अग्रसर भइयो । पर्यटकीयस्थल, ऐतिहासिकस्थल, धार्मिकस्थल, देवालय, शिवालय, गुम्बा, चर्चको संरक्षण र सम्वर्द्धन तथा मर्मत कार्यहरु गरियो ।

ख) सामाजिक विकासः

शिक्षा क्षेत्रमा जनतालाई चासो कायम गराउन विभिन्न जनचेतनामूलक कार्यक्रमहरु गरिनुका साथै विद्यार्थी भर्ना अभियान व्यापकताका साथ सम्पन्न गरियो | दलित एवं पिछडिएका वर्गहरुलाई छात्रवृत्ति एवं शैक्षिक अनुदान प्रदान गरियो | राष्ट्रिय तथा अर्न्तराष्ट्रिय गै.स.स.हरुको साझेदारीमा बालबालिकाको हित र कल्याणको लागी सहयोगात्मक र प्रवर्द्धनात्मक कार्यक्रमहरु सञ्चालन गरियो । सामुदायिक विद्यालयहरुको पूर्वाधार विकासमा जोड दिने एवं गाउँपालिका क्षेत्रमा रहेका सामूदायिक विद्यालयहरु मध्ये कम्तिमा १ विद्यालयलाई प्राविधिक विद्यालय र १ विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्ने नीति अनुरुप सुर्योदय मा.वि.,मा छात्रावास भवन र एक प्राविधिक विद्यालय भवन निर्माणकार्य सुरु गरियो साथै अन्य भौतिक संरचना मर्मत सुधारका कार्यक्रमहरु संचालन गरियो । विद्यालय पहुँच भन्दा बाहिर रहेका, बीचैमा

कक्षा छाड्ने वालवालिकालाई विद्यालय भित्र्याउन आवश्यक पहल लागि विधिन्न कार्यक्रमहरु गरियो । ससर्त कार्यक्रम मार्फत विद्यालय विज्ञान प्रयोगशाला र कम्प्युटर प्रविधि हस्तान्तरण गरियो ।

जनस्वास्थ्य सँग सम्बन्धित प्रतिरोधात्मक, निदानात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक तथा निरोधात्मक स्वास्थ्य सेवाहरु प्राथमिक स्वास्थ सेवाको सिद्धान्तअनुसार सञ्चालन गरियो । सञ्चालनमा रहेको अत्यावश्यक स्वास्थ्य सेवालाई विस्तार गर्ने एवं प्रसुतीका लागि प्रोत्साहन गर्ने नीति अनुरुप एक वेटीङ्ग रुम र सामुदायिक स्वास्थ्य इकाई संचालनमा ल्याइयो | आधारभुत स्वास्थ्य सेवामा सबैको सहज पहुँच बढाउनका लागि गाउँपालिका, निजी तथा गैरसरकारी निकायहरुबाट एकीकृत रुपमा विभिन्न कार्यक्रमहरु सञ्चालन गरियो । स्वास्थ्य सेवाबाट वञ्चित गाउँवासी, समुदाय (आदिवासी/जनजाती, दलित, अपाङ्ग) लाई लक्षित गरी स्वास्थ्य सम्वन्धी चेतनामुलक र विशेष लक्षित कार्यक्रमहरु सञ्चालन गरियो । महिला स्वास्थ्य (प्रजनन् स्वास्थ्य) र बाल स्वास्थ्य-खोप, पोषण हटाउन विभिन्न कार्यक्रमहरु गरिएको छ । स्वास्थ्य विमा गराउन सबै गाउँपालिकाबासीलाई सचेतनामूलक कार्यक्रम सञ्चालन गरियो । गाउँ घर क्लिनिक मार्फत स्वास्थ्य परीक्षण गरियो । दुर्गम गाउँहरुमा स्वास्थ्य शिविर गर्ने नीति अनुरुप आयुर्वेदिक गाउँघर क्लिनिक संचालन गरियो । अझै पनि बिरामी हुँदा अस्पताल डाक्टरकहाँ जानु भन्दा पुजापाठ गर्ने, धामी झाँक्रीकोमा जाने परम्परा रहेकाले त्यसलाई निरुत्साहित गर्न सचेतनामूलक विभिन्न कार्यक्रमको आयोजना गरियो । गाउँपालिकाको केन्द्र तथा वरपरमा १५ सैयाको अस्पताल निर्माणको लागि पहल गरि कार्य अगाडी बढाईयो ।

खानेपानी सुबिधा नपुगेका ठाउँमा जनताको पहुँच विस्तारका साथै खानेपानीको गुणस्तरमा समेत ध्यान पुर्याउन विविध क्रियाकलापहरु गरियो । एक घर एक धाराको सरकारी नीतिलाई गा.पा.को हकमा समेत आत्मसात गर्दै जाने नीति अनुरुप चैनपुरबाट प्रत्येक घरमा मिटर धारा जडान गर्नेकार्य समेत सुरु गरियो । गाउँक्षेत्रको सरसफाइ कार्यलाई तीव्रता र निरन्तरता दिन जनचेतनामुलक कार्यक्रमहरु गरियो । पन्जनी, भाट्टी, मान्छाप,

सीमारगाउँ, अठारे लगाएतका ठुला खानेपानी आयोजना निर्माणका लागि DPR तयार गरि प्रदेश र संघिय सरकार संग माग गरियो |

महिलाहरुको क्षमता अभिवृद्धिको लागि आधुनिक सीप तथा तालिम लगायतका कार्यक्रम सञ्चालन गरिने नीति बमोजिम नेपाल भारत मैत्री बहुप्राविधिक संस्था संगको सहकार्यमा सिलाईकटाई, सहकारी तालिमलगाएत महिलाहरुको आयमा बढोत्तरी हुने खालका चेतनामुलक तथा सीपमुलक कार्यक्रम र क्षमता बिकासका कार्यक्रमहरु सञ्चालन गरियो । महिला हिंसा तथा महिलालाई गरिने दुर्व्यवहार रोक्न शुन्य सहनशीलताको नीति अवलम्वन गरियो । एकल महिलालाई एकल महिला सहकारी संस्था गठन गराई सहकारीमा आबद्ध गराई सहकारीका माध्यमबाट विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गरिनुका साथै आय आयआर्जनमा सहयोग पुर्याउन उन्नत जातको बोका र बाख्राहरु निशुल्क वितरण गरियो | र एकल महिलाहरुको तथ्यांक सङ्कल गर्ने कार्यको सुरुवात गरियो ।

बालमैत्री स्थानीय शासनको अवधारणा तथा नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी "बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि- २०६८" लाई आत्मसात गरी यस राक्सिराङ्ग गाउँपालिकालाई पूर्ण रुपमा बालमैत्री स्थानीय तहको रुपमा स्थापित गराउने उद्देश्यका साथ बालमैत्री स्थानीय शासन कार्यविधि २०७५ निर्माण गरिएको छ । सार्वजनिक विद्यालयमा अध्ययनरत विपन्न बालबालिकाहरुको स्वास्थ्य तथा पोषण सम्बन्धी विशेष लक्षित कार्यक्रम अन्तर्गत पोषण सप्ताह कार्यक्रम सञ्चालन गरिएको छ ।

बिहेवारी २० बर्ष पारी भन्ने नीतिलाई अवलम्बन गर्न सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरियो विश्वव्यापी मापदण्ड अनुरुप सडक, यातायात, सार्वजनिक स्थल, सरकारी भवन, अस्पताल र विद्यालयहरु अपाङ्ग मैत्री बनाउन पहल समन्वय र विधिन्न कार्यक्रमहरु गरियो ।

भिन्न क्षमता भएका व्यक्तिहरुको सशक्तिकरणका लागि उनीहरुका संस्थाहरु तथा सरकारी एवं राष्ट्रिय/अन्तराष्ट्रीय गैरसरकारी संस्थाहरुबीच अन्तरसम्बन्ध, सहकार्य, सहयोग र समन्वयलाई सुदृढ बनाइ सहयोग सामग्री वितरण लगाएत अन्य चेतनामुलका कार्यक्रमहरु संचालन गरियो । भिन्न क्षमता भएकाहरुको तथ्यांक अद्यावधिक गरी अपाङ्गताको प्रकृतिका आधारमा आवश्यक सहयोग गर्ने नीति अनुरुप सो कार्यका लागि सो संग सम्बन्धित संस्थाहरुसंग समन्वय गरि कार्य अगाडी बढाइयो । नेपालको संविधान, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धि ऐन, २०७४ तथा संयुक्त राष्ट्र संघले पारित गरी नेपाल सरकारले हस्ताक्षर समेत गरिसकेको अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धि ,२००६ (Convention on the Rights of Persons with Disabilities (CRPD) को उद्देश्य, मर्म र भावना बमोजिम अपाङ्गता भएका व्यक्तिहरुको परिचय-पत्र वितरण कार्यविधि बनाउन बाञ्छनिय भएकोले, अपाङ्गता भएका व्यक्तिको अधिकार सम्वन्धि ऐन, २०७४ को दफा ६१ ले दिएको अधिकार प्रयोग गरि राक्सिराङ्ग गाँउपालिकाले '**अपाङ्गता भएका व्यक्तिको परिचय-पत्र वितरण कार्यविधि, २०७५**' जारी गरियो।

सामाजिक आर्थिक उद्यमशीलताको विकास गर्दै युवाहरुलाई रोजगारी तथा स्वरोजगारी र सामाजिक कार्यका लागि अवसर प्रदान गरिने नीति अनुरुप नेपाल भारत मैत्री बहुप्राविधिक संस्थाको सहयोग र समन्वयमा सिलाइकटाइ, सेकुरीटि गार्ड, हाउस वाइरीङ्ग, बेमौसमी तरकारी खेति, ब्युटिसियन र प्लाम्बिंग गरि ६ किसिमको तालिम कार्यक्रम संचालन गरियो । युवा खेलाडीहरुलाई प्रोत्साहन गर्न राक्सिराङ्ग गोल्ड कप रनिङशील्ड फुटवल प्रतियोगिता सञ्चालन गरियो ।

ज्येष्ठ नागरिकहरुलाई लक्षित गरी सरकारी तथा गैह्रसरकारी क्षेत्रबाट सञ्चालनमा रहेका जेष्ठ नागरिक भत्ता लगायतका आर्थिक सामाजिक सुरक्षाका कार्यक्रमहरु सञ्चालन र व्यवस्थापन गरियो । जेष्ठ नागरिकहरुको ज्ञान, सीप र अनुभवलाई सदुपयोग र कदर गर्दै गाउँपालिकाभित्र रहेका जेष्ठ नागरिकहरुलाई सम्मान गरियो साथै गाउँ घर क्लिनिक मार्फत जेष्ठ नागरिकहरुको स्वास्थ्य परीक्षण गर्ने नीति अनुरुप कार्य गरियो ।

ग) भौतिक पूर्वधार :

गाउँपालिका केन्द्रलाई जिल्ला सदरमुकामसम्म र गाउँपालिकाको केन्द्रबाट वडा केन्द्र जोड्ने सडकहरुलाई निर्माण तथा स्तरउन्नत्ति गर्न प्राथमिकता दिने नीति अनुसार मनहरी चैनपुर सडक ट्र्याक ओपन सम्पन्न भै स्तरोन्नतिको कार्य समेत सुरु गरिएको छ साथै सबै वडा कार्यालय सम्म पुग्ने मोटरबाटो निर्माण गरिएको छ । सार्वजनिक तथा निजी क्षेत्रबाट सञ्चालन गरिने हरेक खालका विकास निर्माण तथा सेवा प्रकृयामा वातावरण संरक्षण तथा प्रर्वद्धनमा जोड दिंदै सार्वजनिक सडकको दाँयाबाँया वृक्षारोपण गर्नुपर्ने नीति लिइएको अनुसार सडकको दायाँ बायाँ वृक्षारोपण गरिएको छ । पूर्वाधारको विकास एवं निर्माण गर्दा आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वर्ग, समुदाय, जाती र क्षेत्र लाभान्वित हुने गरी सन्तुलन कायम गर्ने गरि गरियो । हरेक बर्षको चैत्र मसान्तभित्र पूर्वाधार तर्फका आयोजनाहरू सम्पन्न गराउने नीति अनुसार अधिकाँश योजनाहरु सम्पन्न गरियो । आफ्नो वडाभित्रका सबै योजनाहरुको सबैभन्दा पहिला उ.भो.स गठन, सम्झौता र सम्पन्न गराउने वडालाई आगामी बर्ष दिइने बजेटमा रकममा थप अंक प्रदान गरिने नीति लिइएको छ ।

भूकम्प प्रतिरोधी भवन निर्माण आचार संहितालाई प्रभावकारी रुपमा सञ्चालन पहल गरिएको छ । २०७२ साल बैशाखमा गएको विनाशकारी भुकम्पबाट पिडित भएकाहरुले सरकारबाट पाउने क्षतिपूर्ति प्रभावकारी बनाउन गाउँपालिकाको केन्द्रमा भुकम्प शाखा स्थापना गरी शाखा मार्फत लाभग्राहीको सूचीमा परेका भुकम्पपिडितलाई यथाशिघ्र घरनिर्माण गर्न पहल गराईने नीति अनुसार गाउँपालिकाको केन्द्रमा भुकम्प शाखा स्थापना गरि शाखाबाट प्रभावकारी कार्यसंचालनको सुनिश्चित गरिएको छ ।

चालु आ.व. बाट गाउँ कार्यपालिका कार्यालयको नाममा वेबसाइट र आन्तरिक फेसबुक खोलिने र कार्यपालिका कार्यालय र वडा कार्यालयहरुबीच इन्टरनेटको माध्यमबाट रिपोर्ट पेश र स्वीकृति गर्ने अभ्यासको शुरुवात गरिने नीति प्रभावकारीरुपमा संचालनमा आएको छ ।

राष्ट्रिय तथा शाखा लाइनको विस्तारका लागि पहल गरिएको छ । लघु जलविधुत, पेल्ट्रिसेट हाइड्रोपावर तथा सौर्य/बैकल्पिक उर्जाको माध्यमबाट आगामी ४ बर्षभित्र टुकीमुक्त गाउँपालिका घोषणा गर्ने नीति अनुरुप पेल्ट्रिसेट तथा सौर्य उर्जाको योजनाहरु संचालनमा ल्याइयो । साना जलबिधुत आयोजनाको र्निमाण र उपयोग सम्वन्धमा अध्ययन/अनुसन्धान गरियो।वडा कार्यालयहरुमा विद्युत लाइन तथा वैकल्पिक ऊर्जा विस्तार गरिएको छ |

नांगा डाँडा एवं सडक निर्माण गरिएका क्षेत्रहरुमा बृक्षारोपण गर्ने नीति अनुसार बृक्षारोपण गरिएको छ | वन क्षेत्रमा उपलब्ध हुने चिराइतो, अम्रिसो, कुरीलो, लौसी, वेदबाँस,मन्डुला, चिउरी जस्ता विभिन्न प्रजातिका रुख विरुवा एवं जडीबुटीलाई व्यवसायिक खेती तर्फ उन्मूख गरी आय आर्जनको माध्यम बनाउने नीति अनुसार प्रोत्साहन कार्यक्रम संचालन गरियो । वन, कृषि, भू तथा जलाधार संरक्षण, वातावरण आदि परस्पर सम्बन्धित विषयहरु एवं बनक्षेत्रलाई व्यवस्थापन गर्न गैर सरकारी संस्थाहरु संगको सहकार्यमा कार्यक्रमहरु संचालन गरियो । वन, कृषि, भू तथा जलाधार संरक्षण, वातावरण आदि परस्पर सम्बन्धित विषयहरुमा एकीकृतरुपमा योजना सञ्चालन गरियो । व्यवसायिक रूपमा काठ दाउरा निकासी तथा वनजन्य जडिबुटी वा गैर काष्ठ वन पैदाबर बिक्री वितरणमा कर लगाउने नीति अनुसार करका दरहरु निर्धारण गरियो । बन फँडानीलाइ निरूत्साहित गरी लोपोन्मूख वन्यजन्तु संरक्षणमा जोड दिन विविध कार्यक्रम संचालन गरियो । गाउँक्षेत्र भित्रका सार्वजनिक जग्गाहरुको संरक्षणको लागि बिशेष पहल गरिने नीति अनुसार संरक्षण र सम्बर्द्धन गरियो ।

बाढी पहिरो आगलागी लगायतका प्राकृतिक प्रकोपबाट जनधनको क्षति भएकाहरुका परिवारका लागि खोज उद्दार राहतको सेवा उपलब्ध गराइने नीति अनुसार उपलब्ध गराइयो ।विपद् व्यवस्थापन सुरक्षा निकाय जनप्रतिनिधि टोल विकास संस्था गैससको सहयोग लिई सो सम्बन्धमा प्रभावकारी ढंगले प्रस्तुत भइयो ।क्षतिको मूल्यांकनका आधारमा न्यूनतम राहत उपलब्ध गराइने नीतिलाई निरन्तरता दिइयो ।यस गाउँपालिकाको विभिन्न वडाहरुमा चट्याङ्ग गई मानवीय क्षति हुने कार्यलाई नियन्त्रण गर्न गाउँपालिकाको वडा नं १ को कुपिनटारमा अर्थिङ्ग जडान गरियो र अन्य स्थानमा समेत सो जडानको आवश्यकता अध्ययन गरियो । जलचर र थलचरहरुको संरक्षणका लागि करेन्टलगाई माछा मार्ने, विषादी प्रयोग गर्नेहरुलाई कडा कारबाही गर्ने नीति अनुसार सो कार्यमा कडाइ गरियो ।

घ) संस्थागत विकास, सेवा प्रवाह र सुशासनः

गाउँ कार्यापालिका कार्यालयको भवन निर्माणमा जोड दिईने नीति अनुसार भवन निर्माणका लागि ठूलो बजेट लाग्ने हुनाले प्रदेश सरकार वा संघीय सरकारसँग भवन निर्माणको लागि बजेट माग गरिएको छ । वडा कार्यालय भवन नबनेका वडा कार्यालयहरुका लागि यथाशिघ्र भवन बनाइनेछ योजना अनुसार कार्य गरिएको छ र भएका वडा कार्यालयहरुलाई अझ व्यवस्थित र सेवाग्राही मैत्री बनाइएको छ । छुट्याईएको बजेटबाट कार्यालय भवन नबनाउने, गाउँपालिकाबाट तोकिएको समयभित्र तोकिएको कार्य नगर्ने , तोकिएको मितिमा बडाको बैठक नबस्ने, मासिक रिपोर्ट नबुझाउने, वडा कार्यालयमा बसी सेवा नदिने, वडाध्यक्ष र वडासचिवले आफु बिदामा बस्नु अघि माथिल्लो तहबाट स्वीकृति नलिने, वडाध्यक्षले ३ दिनभन्दा बढी बिदामा बस्दा वडा सदस्यलाई कार्यवाहक नदिने गरेमा प्रत्येक शिर्षकका आधारमा आगामी बर्ष वडामा दिइने बजेटमा कटौति गर्ने नीति अबलम्बन गरिएको छ साथै वडा ले संकलन गरेको राजस्वका आधारमा नजेत बिनियोजन गर्ने नीति लिइएको छ ।

आन्तरिक आयका नयाँ र स्थायी स्रोतहरुको खोजी गरिने नीति अनुसार नदिजन्य पदार्थबाट कर संकल गर्ने कार्यको अभ्यास गरिएको छ । चालु आ.ब.देखी व्यवसाय कर, सम्पत्ति कर जस्ता करहरु लगाई गाउँपालिकाको विकासमा मैले पनि योगदान गर्नुपर्छ भन्ने मान्यताको विकास गराउने र राजस्व बढाउने नीतिका लागि तालिम तथा अभिमुखीकरण कार्यक्रम संचालन गरियो | लेखा समितिबाट बेरुजु फछ्र्यौट गर्ने कार्य गरियो | पुरानो पे.फ. बाँकी रहेका व्यक्ति वा संघसंस्थाहरुलाई अविलम्वन्न पे.फ. गराउन आवश्यक पहल गर्ने कार्य गरियो । लेखा व्यवस्थापन तथा लेखापालनलाई मितव्ययी र प्रभावकारी बनाउन सफ्टवयरमा आधारित विद्युतीय प्रणाली मार्फत लेखासम्बन्धि कार्य गर्ने व्यवस्था गरियो ।

कर्मचारीको मनोवल उच्च पार्ने नीति अनुसार कार्यालयको हित र आन्तरिक आयमा सक्रिय रुपमा लाग्ने कर्मचारीलाई उत्कृष्ट कर्मचारी घोषणा गर्न आवश्यक मापदण्ड तयार गरि सो अनुसार पुरस्कृत गर्ने कार्य गरियो ।

गाउँ कार्यपालिका कार्यालयलाई भ्रष्टाचार मुक्त र सदाचार युक्त बनाउन आवश्यक पहल गरिएको छ । सुशासनका आधारभुत मान्यताहरुलाई आत्मसात गर्दै तद्अनुकुलको व्यवहार गर्दै लगिने योजना अनुरुप राक्सिराङ्ग गाउँपालिका गाउँ कार्यपालिका कार्यालयमा सबै नागरिकहरुले स्पष्ट देख्न र पढ्न सक्ने गरी डिजिटल नागरिक बडापत्र र सुझावपेटिका राखियो | सुझावपेटिका मार्फत उजुरी गुनासाहरुलाई दैनिक रुपमा प्राप्त गरी फछ्र्यौट गर्दै जाने नीति अनुसार कार्य गरियो । सेवाग्राहीहरुलाई सहजीकरण गर्नका लागि हेल्पडेक्सको व्यवस्था गरियो । साथै राक्सिराङ्ग गाउँपालिकाको सूचना, गतिविधि एवं जानकारीका लागि रेडियो कार्यकम सन्चालनमा ल्याई जनतालाई सुसुचित गर्ने कार्य गरियो | गाउँपालिकाको वेब साइट र मोबाइल एप तयार गरि संचालनमा ल्याइयो |

खण्ड २: आगामी आर्थिक वर्ष २०७६/७७ को नीति, कार्यक्रम तथा बजेट

२.१ सोँच, लक्ष्य, उद्देश्य र अपेक्षीत उपलब्धी

२.१.१ सोँच :

राक्सिरागँ गाउँपालिकालाई समृद्ध एवं नमुना गाउँपालिकाको रुपमा स्थापीत गर्ने ।

२.१.२ लक्ष्य

गरिबी र बेरोजगारी न्युनिकरण गर्ने ।

२.१.३ उद्देश्य :

कृषिमा व्यवसाइकता, पूर्वाधार निर्माण, विद्युत विकास, पर्यटन विकास, सचेतनामुलक र सीपमुलक कार्यक्रम प्राविधिक शिक्षामा जोड दिने नीतिलाई निरन्तरता दिई आमनागरिकमा परिवर्तनको प्रत्यक्ष अनुभूति दिलाउने गाउँपालिकाको प्रमुख उद्देश्य हुनेछ ।

२.१.४ अपेक्षित उपलब्धी :

- मनहरी-चैनपुर सडक खण्ड कालोपत्रे गर्ने तथा टोलटोलमा सडक सञ्जालले जोडिनेछ ।
- चालु आर्थिक वर्षमा निर्माण गरिएका सडकहरुको स्तरोन्नती गरिनेछ ।
- गाउँपालिकाको भवन निर्माण सुरुवात गरिनेछ ।
- गाउँपालिका तथा वडामा आवश्यक प्राविधिक तथा अप्राविधिक सबै कर्मचारीहरुको पदपूर्ती भइसकेको हुनेछ ।
- गाउँपालिका तथा सबै वडा कार्यालयहरुमा आवश्यक सूचना प्रविधिको विकास भईसकेको हुनेछ ।
- योजना कार्यान्वयन पद्धती व्यवस्थित, प्रभावकारी तथा पारदर्शी भएको हुनेछ ।
- राजश्व संकलन प्रणाली व्यवस्थित र सफ्टवयरमार्फत संकलन सुरुवात भएको हुनेछ ।
- पर्यटकिय क्षेत्रको पहिचान भई विस्तृत परियोजना प्रतिवेदन तथा पूर्वाधार निर्माण कार्य सुरुवात भइसक्नेछ ।
- नागरिक वडापत्र पुस्तक, सामाजिक परिक्षण प्रतिवेदन तयारी हुनेछ साथै आवधिक योजना तथा पर्यटकिय क्षेत्रहरुको गुरुयोजना तयार भएको हुनेछ ।
- अधिकाशं नागरिकको स्वास्थ्य बिमा भएको हुनेछ ।
- राक्सिराङ्ग सामुदायिक रेडियो सञ्चालन सुरुवात भएको हुनेछ ।
- जडिबुटी खेतीलाई प्रोत्साहन हुनेछ ।

२.२ वार्षिक वजेट तथा कार्यक्रम तर्जुमा गर्दा अवलम्बन गरिएका प्रमुख नीति तथा आधारहरु

२.२.१ समग्र नीति तथा आधारहरु

गाउँपालिकाले देहायका नीति तथा आधारहरु अवलम्वन गरी वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गरेको छ ।

- नेपालको संविधान
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४
- राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४
- अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४
- संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानुन तथा मापदण्डहरु,
- स्थानीय तहमा बजेट तर्जुमा, कार्यान्वयन, आर्थिक व्यवस्थापन तथा सम्पति हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४
- संघीय, प्रादेशिक र स्थानीय तहको आवधिक विकास योजना
- स्थानीय तहको मध्यकालिन खर्च संरचना,
- विकासका अन्तरसम्बन्धित विषयहरु
- नेपाल सरकारले अन्तराष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताबाट सिर्जीत दायित्वहरु संघ र प्रदेश सरकारले अवलम्वन गरेका अन्य आर्थिक नीतिहरु

गाउँपालिकाले वार्षिक योजना तथा कार्यक्रम तर्जुमा गर्दा देहायका विषयहरुलाई प्राथमिकतामा राखेको छ ।

- आर्थिक विकास र गरीवि निवारणमा योगदान पुऱ्याउने
- उत्पादन मुलक र छिटो प्रतिफल दिने (ठूला आयोजनाहरुको हकमा बढीमा तीन बर्षभित्र सम्पन्न हुने आयोजनाहरु)
- राजश्व परिचालनमा योगदान पुऱ्याउने ।
- सेवा प्रवाह, संस्थागत विकास र सुशासनमा योगदान पुऱ्याउने ।
- स्थानीय स्रोत साधनमा आधारीत भई जनसहभागिता अभिवृद्धि गर्ने ।
- लैंगिक समानता सामाजिक समावेशीकरणको अभिवृद्धी गर्ने ।
- दिगो विकास, वातावरण संरक्षण र विपद व्यवस्थापनमा योगदान पुऱ्याउने ।

- समुदायलाई विपद तथा जलवायु परिवर्तन उत्थानशिल बनाउने ।
- स्थान विशेषको संस्कृती र पहिचान प्रर्वद्धन गर्ने ।
- स्थानीय तहले आवश्यक देखेका अन्य विषयहरु

२.२.२ क्षेत्रगत नीति तथा आधारहरु

यस सम्मानित पाँचौ गाउँसभाका सभाध्यक्षज्यू, सदस्य एवं वडाध्यक्षज्यूहरु, सदस्य एवं गाउँ कार्यपालिकाको सदस्यज्यूहरु, सदस्य तथा सबै वडाका वडासदस्यज्यूहरु,

म यस गाउँपालिकाले आगामी आर्थिक वर्ष २०७६।७७ मा अवलम्वन गरिने नीति तथा कार्यक्रम प्रस्तुत गर्दछु ।

"कृषि, विद्युत पर्यटन र पूर्वाधार, राक्सिराङ्गको विकासको आधार"

भन्ने नारालाई जनप्रतिनिधिको पाँच वर्षीय कार्यकालको मूल नाराको रुपमा अगिंकार गरी आगामी आर्थिक वर्षको बजेट, नीति कार्यक्रम तथा योजना सञ्चालनका लागि पनि अवलम्बन गरिने छ ।

(१) आर्थिक विकास सम्बन्धि नीतिहरु

क) कृषि तथा सिँचाई

- कृषि पेशामा कृषकहरुलाई आकर्षित गर्न कृषि प्रणालिमा आधारीत तरकारी खेतीबालीको विकास मार्फत कृषकहरुलाई आर्यआर्जन गर्ने बानिको विकास गर्न विभिन्न गैरसरकारी संस्थाहरुसँगको सहकार्यमा "एक घर एक करेसाबारी" कार्यक्रमको सुरुवात गरिनेछ ।

- पानी उपयोग नभइरहेका खोला तथा कुलाका पानीहरुलाई सिँचाई कुलोमा परिणत गरि कृषि उत्पादनमा बढावा गर्ने नीति अवलम्वन गरिनेछ ।
- गाँजा तथा अफिमजन्य लागूपदार्थको अवैधानीक खेतीलाई पूर्णरुपमा निरुत्साहित गरी सोको विकल्पको रुपमा कृषि तथा पशूपालन एवं प्राविधिक सिपमुलक कार्यक्रम सञ्चालन गरी आत्मनिर्भर तथा स्वरोजगार हुने तर्फ कृषकहरुलाई उन्मुख गराउन वडा क्षेत्रमा कृषि, पशूपालन, फलफूल खेतीको सम्भाव्यताको आधारमा तपसिलका वडाहरुमा तपसिलमध्य कुनै एक एक कृषि तथा पशूपालन कार्य गर्ने गरी "एक गाउँ एक उत्पादन" नीति अवलम्वन गरिनेछ ।

○ **तपसिल**

वडा नं.	**एक गाउँ एक उत्पादन कार्यक्रम**
१	अनार, बाख्रापालन, अम्रिसो
२	सामुहीक तरकारी खेती, बाख्रापालन, माछापालन, अदुवा खेती
३	तरकारी खेती, आँप, लिचि, दूध, माछा र मासू
४	बाख्रापालन, केरा, जुनार, कागती, तरकारी खेती, सिस्नु प्रसोधन, अदुवा, रुद्राक्ष, एभोकाडो
५	बाख्रापालन, माछापालन, मौरीपालन, तरकारी
६	मौरीपालन, अम्रिसो, बाख्रापालन, कुखुरा पालन, माछापालन
७	मौरीपालन, अम्रिसो, जडिबुटी, बाख्रापालन
८	बाख्रापालन, माछापोखरी, तरकारी तथा वेमौसमी तरकारी खेती
९	भुँइस्याउ, सतुवा, अकबरे खुर्सानी, घ्यूसिमी, जडिबुटी, बाख्रापालन, माछापालन, अलैंची

- प्रागांरीक एवं अर्गानिक खेती, गोठसुधार कार्यक्रम, गाई, बाख्रा तथा कुखुरापालक कृषक समूह तर्था फर्महरुलाई निश्चित कृषि सामाग्री अनुदानका रुपमा उपलब्ध गराईनेछ ।
- टोल सुधार संस्थाहरुलाई आफ्नो टोललाई कुनै एक तरकारी तथा फलफूल खेतीको आधारमा पहिचान स्थापना गर्न फलफूल उत्पादक टोल, पशू फर्म विकास गरेको टोल, मौरी पालक टोल, माछापालक टोल लगायतका टोलको रुपमा विकास गर्न

सम्भाव्यता अध्ययन तथा त्यस्ता उत्पादनमुलक कार्यहरुमा निश्चित अनुदान दिने व्यवस्था गरिनेछ।

- खाद्यउत्पादनलाई जोड दिनको लागि मल आवश्यक पर्ने वडामा मलमा अनुदान, विउँविजनमा अनुदान, कृषि सामाग्रीहरुमा अनुदानको व्यवस्था गरिनछ । खाद्य उत्पादनलाई गर्नका लागि सम्भाव्यता अध्ययन तथा खोज गरी खाद्यपदार्थमा आत्मनिर्भर गाउँपालिकाको रुपमा पहिचान स्थापीत गर्ने नीति अवलम्वन गरिनेछ ।
- परम्परागत रुपमा उत्पादन गरिने अन्नबालीहरु कोदो, फापर, कागुनो, घैयाजस्ता बालीहरु उत्पादन, संरक्षण, उपयोग तथा बजारीकरणमा जोड दिइनेछ ।
- कृषि फसल तथा उत्पादनको बजारीकरण एवं विक्रि वितरणलाई सहज गरी किसानहरुको आयआर्जनमा बढोत्तरी गर्न गाउँपालिका केन्द्रमा सबै वडाको विक्रि केन्द्र रहने गरी संरचना तयार गरी हाटबजारको व्यवस्थित सुरुवात गर्ने नीति अवलम्वन गरीनेछ ।
- कृषि उत्पादकत्व वृद्धिमा सहयोग पुऱ्याउन निश्चित अवधिका लागी विपन्न एवं जोखिममा परेका कृषकहरु तथा त्यस्ता सेवा नपुगेका गाउँ क्षेत्रलाई लक्षित गरी साना सिंचाई आयोजनाहरुलाई विशेष प्राथमिकताका साथ अगाडि बढाउन पहल गरिने नीतिलाई निरन्तरता दिइनेछ ।
- युवाहरुको विदेश पलायन हुने सोचलाई निरुत्साहित गरी नमूनाको रुपमा १ वार्ड ५ व्यवसायिक कृषक उत्पादन गरी कृषि क्षेत्रका विभिन्न व्यवसाय गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ ।

- मौरीपालन, च्याउको विउ, उन्नत तरकारीको बीउ , फलफूलको विरुवा, प्लाष्टिक टनेल, प्लाष्टिक पोखरी, माछाको भुरा, आधुनिक कृषि औजार तथा उपकरण आदिमा निश्चित प्रतिशत अनुदान दिई पौरखी किसान, कृषक समूहलाई प्रोत्साहन गन कृषकलाई तालिम, बिउँ, यान्त्रिकरण गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- व्यवसायिक कृषकहरुले कृषि क्षेत्रमा गरेको उपलब्धिलाई मापन गरी प्रतिस्पर्धाका आधारमा पुरस्कृत गर्ने नीति लिईनेछ ।
- कृषि बिमाका सम्बन्धमा आवश्यक नीति अवलम्बन गरिनेछ ।
- जैविक विविधतामा आधारीत खेती प्रणालीलाई विभिन्न गैरसरकारी सघंसस्थाको समन्वयमा आयआर्जनमा वृद्धि, भुक्षय नियन्त्रण हरीयाली गाउँपालिका बनाउने नीति अवलम्बन गरिनेछ ।

- सिचाइयोग्य फाँटहरू तथा कृषि पकेट क्षेत्रको पहिचान गरी सो क्षेत्रमा विभिन्न परम्परागत र आधुनिक प्रविधिको माध्यमबाट खेर गएको पानीलाइ उपयोग गर्ने नीति लिइनेछ ।
- मनहरी खोला चुर्लिङ खोला जिर्खे खोला गोराङ्गदी खोला लोथर खोला रेउती खोला लगायतका अन्य खोलाहरूबाट हुने कटानको रोकथाम गरी सिचाईंको व्यवस्था गरी कृषि उत्पादकत्वमा वृद्धि गर्ने नीति लिइनेछ ।

पशुपालनतर्फ

- दुध, मासु, अन्डामा आत्मनिर्भर बनी निर्यात गर्ने नीति लिइनेछ ।
- पशुपालनका क्षेत्रमा पशुसेवा प्रसारका कार्यक्रम, समूह समितिहरु गठन र कार्यक्रममा आवद्धता, कृषक भ्रमण, तालीम, गोष्ठी जस्ता सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ । समूहगत रुपमा र ब्यवसायिक फार्महरुलाई विभिन्न किसिमका अनुदानका कार्यक्रम मार्फत किसानहरुको प्रवर्द्धन गर्ने नीति लिईने छ ।
- कृत्रिम गर्भाधान मार्फत नश्ल सुधार गरी दुध तथा मासु उत्पादमा बृद्धि गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- पशु विमा सम्वन्धमा अभिमूखिकरण गरी पशु विमा प्रति प्रोत्साहन गर्ने नीति लिईनेछ ।
- युवा उद्यमीलाई फर्म दर्ता गर्न प्रोत्साहन गर्ने र उत्कृष्ट कार्य गर्नेलाई प्रोत्साहन अनुदान, प्राविधिक सहयोग तथा औषधोपचारमा समेत सहयोग गर्ने नीति अवलम्बन गरिनेछ ।

ख) उद्योग/ वाणिज्य/आपूर्ती

- उद्योग दर्ता गरी कुनै व्यवसाय गर्न प्रोत्साहन गर्नका लागि व्यवसाय दर्तामा निश्चित छुट दिने नीति अवलम्बन गरीनेछ ।
- फर्निचर उद्योग, कुटानी पिसानी उद्योग, ब्लक उद्योग लगायत वन तथा वनस्पतिजन्य सम्भावित अन्य उद्योगहरु स्थापना गर्न व्यवसायीहरुलाई प्रोत्साहनमुलक कार्य गर्ने नीति लिइनेछ ।

- सिलाई कटाई तालिमको एडभान्स्ड कोर्ष, इलेक्ट्रिकल तथा इलेक्ट्रोनिक्स तालिम, हेयर कटीङ तथा मोवाइल मर्मत, मेशिनरी सामान मर्मत, प्लम्बिङ्ग तालिम लगायत स्वरोजगारी प्रवर्द्धन गर्ने खालका तालिमहरु सञ्चालन गरिनेछ ।
- उद्यमशिलता विकास एवं आयमुलक रोजगारी अभिवृद्धिका कार्यक्रमहरु सञ्चालन गरी महिला, दलित, आदिवासी/जनजाती र विपन्न समुदाय एव पछाडि परेका जनसमुदायलाई लघु उद्यममा सहभागी गराइने नीतिलाई निरन्तरता दिइनेछ ।
- लक्षित समुदायमा आय आर्जनका कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिइने छ ।
- गुणस्तरहीन एवं म्याद नाघेका बस्तुहरुको बिक्री बितरणलाई रोक्न प्रभावकारी कदम चालिने छ
- एकाधिकार र कृत्रिम अभावको स्थिति रहन नदिन प्रभावकारी नियमन तथा अनुगमनको व्यवस्था गरिनेछ ।

ग) पर्यटन/संस्कृति

- चमेरे गुफा जलपरी झरना, भिम्बुङ्ग, पाइराङ्ग, किन्दराङ्ग, बुढा महादेवगुफा, गुप्तेश्वरी गुफा, शंकरे गुफा, तर्सिकोट, रानीपोखरी, दुईचोकडाँडा, न्याउरी दरबार, चेपाङ्ग राजारानीको दरबारको भग्नावशेषको तौतालाङ्ग, प्वाकल गुफा, लुङगुडेडाँडा दरबार, भुक्टी डाँडा, औरा डाँडा लालीगूराँस पार्क, भिमचुली माताचुली भ्यूटावर, सरास्वती ओडार,काम्लेको चमेरे गुफा,इन्द्रुङ, लंका राम लक्ष्मण दरबार ,दाराङ्ग, सुरुङ्गे डाँडा, ढाकिवाङ्ग लगायत अन्य संभाब्य क्षेत्रलाई पर्यटकीय क्षेत्रको रुपमा विकास गर्ने नीति अनुरुप विस्तृत परियोजना प्रतिवेदन तयार गरी क्रमागत बजेट विनियोजन गरी गाउँपालिकालाई पर्यटक केन्द्रित गाउँपालिकाको रुपमा विकास गरिनेछ ।
- सम्भावित पर्यटकीय एवं सास्कृतिक क्षेत्रहरुको पहिचान र विकास गरी दिगो आर्थिक विकास र रोजगारीको सृजना गर्दै लगिने नीति लिइनेछ ।
- पर्यटकीयस्थल, ऐतिहासिकस्थल, धार्मिकस्थल, देवालय,शिवालय,गुम्बाहरु, चर्चको संरक्षण र सम्वर्द्धन गर्ने नीति लिईनेछ ।

- पर्यटकिय क्षेत्रको पहिचान गरी मागका आधारमा चेपाङ्ग होमस्टे, तामाङ्ग होमस्टे लगायतका क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन (डि.पि.आर.) तयार तथा कार्यान्वयन गर्न रकम विनियोजन गरिनेछ र सोको निर्माण तथा सञ्चालनका लागि सम्बन्धित संघ, सस्थासँग आवश्यक पहलकदमी गरिनेछ ।

घ) सहकारी र वित्तिय क्षेत्र

- सहकारी प्रवद्धनको लागि आवश्यक तालिम, नयाँ सुरुवात भएका सहकारीहरुको फर्निचर इलेक्ट्रोनिक्स लगायत व्यवस्थापनमा सहयोग गरिनेछ ।
- गाउँपालिकाको प्रत्येक क्षेत्रमा जनताको आर्थिक सामाजिक सुधार गर्न एक घर एक सहकारी सदस्य हुनुपर्ने नीति अवलम्वन गरी विषेशगरी महिलालाई अगाडि बढ्न, शसक्तिकरण गर्न प्रोत्साहन गरिनेछ ।
- बैकिङ्ग क्षेत्रको कारोबार अब गाउँपालिका केन्द्रमा रहेको बैंक मार्फत सुरुवात भईसकेकोले डिपोजिट तथा कारोबार, ऋण प्रवाह लगायत सम्पूर्ण बैकिङ्ग कारोबार गर्न सेवाग्राहीहरुलाई प्रोत्साहन गरिनेछ साथै साना कर्जा प्रवाहमा बैंकलाई लगानी गर्न अभिप्रीत गरिनेछ ।
- बैकिङ्ग कारोबारको सुरुवात भईसकेकोले आगामी आर्थिक वर्ष देखि अनिवार्य रुपमा सामाजिक सुरक्षा लाभग्राहीहरुको बैंक खातामार्फत सामाजिक सुरक्षा भत्ता उपलब्ध गराइनेछ । असक्त, अपाङ्ग तथा जेष्ठ नागरिकहरुलाई सम्बन्धित टोलमै गएर सामाजिक सुरक्षा भत्ता वितरण गर्न बैंकलाई प्रोत्साहन गरिनेछ ।

२. सामाजिक विकास सम्बन्धी नीतिहरु

क) शिक्षाः

- शैक्षिक अवसरबाट वञ्चित चेपाङ्ग बालबालिका, विपन्न तथा सिमान्तकृत बालबालिकाहरुलाई सम्बन्धित शैक्षिक संघसंस्थाहरुसँगको समन्वय र सहकार्यमा पठनपाठनमा सहयोगात्मक र प्रवद्धनात्मक कार्य गराउने नीति अवलम्बन गरिनेछ ।

- विद्यालय शिक्षा परिक्षा (SEE) उत्तीर्ण भई प्राविधिक शिक्षा अध्ययनरत चेपाङ्ग, दलित तथा जनजाती समूदायका विद्यार्थीहरुलाई पठनपाठनमा सहयोग गर्न निश्चित छात्रवृत्तिको व्यवस्था गरिनेछ ।
- आठ कक्षा उत्तीर्ण भई नौ कक्षामा अध्ययनरत चेपाङ्ग तथा दलित छात्राहरुलाई विद्यालयमै टिकाएर राख्न आवश्यक जनचेतनामुलक कार्यक्रम, निश्चित प्रोत्साहनमुलक रकम व्यवस्थाका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- "झिकाउ, सिकाउ, टिकाउ र बिकाउ" तथा "विपन्न, चेपाङ्ग, तामाङ्ग सारा, शिक्षा दिने राक्सिराङ्गको अभिभारा" लगायतका विद्यार्थी भर्ना अभियानका लागि प्रयोग गरिएका नाराहरुलाई सार्थकता दिन विद्यालयमा विद्यार्थीको संख्या अभिवृद्धि गर्दै अगाडि बढ्न विभिन्न शैक्षिक चेतनामुलक कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- गैरसरकारी संस्था एवं गाउँपालिकाको पहलमा विद्यार्थीहरुलाई विद्यालयमा टिकाई राख्न तथा विद्यार्थीलाई शिक्षा लिन प्रोत्साहन गर्नका लागि दिवा खाजाको व्यवस्था नभएका प्रत्येक विद्यालयमा प्रति विद्यार्थी निश्चित रकम बराबरको दिवा खाजाको व्यवस्था गरिनेछ ।
- गाउँपालिका तथा जिल्ला कार्ययोजना कार्यान्वयन इकाई मकवानपुर तथा सम्बन्धित अन्य संस्थाहरुसँगको सहकार्यमा सामुदायिक विद्यालयहरुको भौतिक संरचना तथा पूर्वाधार विकासमा जोड दिने नीति लिईनेछ ।
- गाउँपालिका क्षेत्रमा रहेका सामूदायिक विद्यालयहरु मध्ये कम्तिमा १ विद्यालयलाई प्राविधिक विद्यालय र १ विद्यालयलाई नमूना विद्यालयको रुपमा विकास गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- शैक्षिक गुणस्तरमा सुधार गर्न नियमित विद्यालयको अनुगमन तथा सुपरीवेक्षण गरी सुधारात्मक उपाय अवलम्बन गर्न शिक्षकहरुसँग अन्तरक्रियात्मक कार्यक्रम सञ्चालन गरिनेछ ।
- शिक्षकहरुको क्षमता अभिवृद्धि गर्न आवश्यक तालिम तथा प्रशिक्षण, विद्यालयमा इ-लाइब्रेरी, विज्ञान प्रयोगशाला, कम्प्युटर व्यवस्थापन, पाठ्यक्रममा सुधार, अग्रंजी पठनपाठनको सुरुवात गरी शैक्षिक गुणस्तर बढाउने नीति अवलम्वन गरिनेछ । साथै पाठ्यक्रम विकास गरी शिशु कक्षादेखि कक्षा ५ सम्म स्थानीय कला साहित्य, भाषा, पहिचान, धार्मिक ऐतिहासिक स्थल, पर्यटकिय क्षेत्र समेटेर विभिन्न गैरसरकारी सघंसस्थासँगको सहकार्यमा अध्यापन गर्ने नीति लिइनेछ ।

- विद्यार्थी संख्या र भौगोलिक अनुकुलताको आधारमा शिक्षक कर्मचारी दरवन्दीको मिलान गर्ने नीति अवलम्वन गरिनेछ ।
- क्रमशः साक्षर वडा घोषणा गर्दै गाउँपालिका क्षेत्रमा रहेको निरक्षरतालाई न्युन गर्दै लगिनेछ ।

ख) स्वास्थ्यः

- स्वास्थ्य बिमा गराउन सबै गाउँपालिकाबासीलाई सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ साथै स्वास्थ्य बिमामा निश्चित क्षेत्रमा निश्चित रकम अनुदान उपलब्ध गराइनेछ ।
- गाउँपालिका केन्द्र तथा आवश्यक अन्य क्षेत्रमा ५ देखि १५ शैयाको अस्पताल निर्माणका लागि सम्बन्धित निकायसँग आवश्यक पहल गरिनेछ ।
- राज्यको नीति अनुरुप स्वास्थ्य चौकी नभएका प्रत्येक वडामा स्वास्थ्य चौकी भवन निर्माण वा सामुदायिक स्वास्थ्य केन्द्र निर्माण वा गाउँघर क्लिनिक स्थापनामा विषेश पहल गरिनेछ
- जनस्वास्थ्यसँग सम्बन्धित प्रतिरोधात्मक, निदानात्मक, प्रवर्द्धनात्मक, उपचारात्मक तथा निरोधात्मक स्वास्थ्य सेवाहरु प्राथमिक स्वास्थ सेवाको सिद्धान्तअनुसार सञ्चालन गरिनेछ । सञ्चालनमा रहेको अत्यावश्यक स्वास्थ्य सेवालाई विस्तार गरिनेछ
- आधारभुत स्वास्थ्य सेवामा सबैको सहज पहुँच बढाउनका लागि गाउँपालिका, निजी तथा गैरसरकारी निकायहरुबाट एकीकृत रुपमा विशेष कार्यक्रमहरु सञ्चालन गरिनेछ ।
- स्वास्थ्य सेवाबाट वञ्चित गाउँवासी, समुदाय (आदिवासी/जनजाती, दलित, अपाङ्ग,)लाई लक्षित गरी स्वास्थ्य सम्वन्धी चेतनामुलक र विशेष लक्षित कार्यक्रमहरु सञ्चालन गर्ने नीति लिईनेछ ।

- तपसिल बमोजिमका कार्यक्रमहरुलाई आगामी आर्थिक वर्ष पनि निरन्तरता दिइनेछ ।
    - महिला स्वास्थ्य (प्रजनन् स्वास्थ्य) र बाल स्वास्थ्य-खोप, पोषणमा निरन्तरता दिइनेछ ।
    - गाउँ घर क्लिनिक मार्फत वालवालिकाहरुको स्वास्थ्य परीक्षण गर्ने नीति लिईनेछ
    - दुई वटा बच्चा पाई स्थायी वन्धाकरण गर्ने जोडीलाई प्रोत्साहन गर्ने नीति लिईनेछ
    - दुर्गम गाउँहरुमा स्वास्थ्य शिविर गर्ने नीति लिईनेछ ।
    - अझै पनि बिरामी हुँदा अस्पताल डाक्टरकहाँ जानु भन्दा पुजापाठ गर्ने, धामी झाँक्रीकोमा जाने परम्परा छ । त्यसलाई निरुत्साहित गर्न सचेतनामूलक विभिन्न कार्यक्रमको आयोजना गरिनेछ ।
    - प्रसुतीका लागि प्रोत्साहन गर्न एक वर्थिङ्गसेन्टर एक वेटिङ रुमको व्यवस्था गर्ने नीति लिईनेछ ।
    - विभिन्न सहयोगी संघसस्थाको सहयोग र समन्वयमा विभिन्न महिलारोग दन्तरोग आँखा आदि स्वास्थ्य शिविर वडा तथा टोलमा गरिनेछ ।

ग) खानेपानी तथा सरसफाईः

- स्वच्छ खानेपानीको लागि कुवा धारा, खाला, खोल्सी संरक्षण गरिनेछ ।
- साना खानेपानी योजना गाउँपालिकाबाट ठूला आयोजना प्रदेश र संघ सरकारबाट गराउन आवश्यक पहल गरिनेछ । चालु आर्थिक वर्ष २०७५।७६ मा DPR सम्पन्न भएका राक्सिराङ्ग-४, मान्छाप, वडा नं. ९ को अठारे र डन्टार, वडा नं. ६ को सिमरगाउँ तथा वडा नं. २ को भाट्टिमा, वडा नं. ५, को ठाडेचुरीमा उक्त खानेपानी योजनाहरु सञ्चालन गर्न प्राथमिकता दिइनेछ । साथै थप खानेपानी आयोजनाहरु सञ्चालन मागको आधारमा सम्बोधन गरिनेछ ।
- प्रदेश, संघ तथा गैरसरकारी संस्थाहरुसँगको समन्वय र सहकार्यमा मिटर सिस्टम मार्फत गुणस्तरीय “एक घर, एक धारा” निर्माण गर्ने नीति अवलम्वन गरीनेछ ।
- खानेपानी सुबिधा नपुगेका ठाउँमा जनताको पहुँच विस्तारका साथै खानेपानीको गुणस्तरमा समेत ध्यान दिइनेछ ।

- सरसफाई कार्यक्रमलाई खानेपानी आयोजनाको अभिन्न अङ्गको रुपमा सञ्चालन गरिनेछ । गाउँक्षेत्रको सरसफाइ कार्यलाई तीव्रता र निरन्तरता दिइने छ ।
- फोहोरमैला व्यवस्थापनको लागि फोहरलाई कुहिने र नकुहिने फोहरमा वर्गिकरण गरी व्यवस्थापन गर्न सचेतनामूलक कार्यक्रम सञ्चालन गरिनेछ ।
- माथिल्लो भेगमा बस्ति र तल्लो भेगमा पानीको मुहान भएका गाउँबस्तिहरुमा सोलार पम्पिङ्गबाट खानेपानी व्यवस्था सम्भाव्यता अध्ययन गरी कार्य गर्न पहल गरीनेछ ।

घ) संस्कृती प्रवर्द्धन

- चेपाङ्ग बाहुल्य रहेको यस गाउँपालिकामा चेपाङ्ग संस्कृती तथा भेषभुषाको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गर्नका लागि चेपाङ्ग संग्रहालय निर्माणमा सम्बन्धित निकायहरुसँग आवश्यक पहल गरिनेछ ।
- विभिन्न जात्रा, पर्व, दिवसहरु आयोजना गर्न आवश्यक कार्यक्रम तय गरिनेछ ।
- विभिन्न मठ मन्दिर चर्च गुम्बा निर्माणको लागि बजेट विनियोजन गरिनेछ ।

ङ) महिला :

- महिलाहरुको क्षमता अभिवृद्धिको लागि आधुनिक सीप तथा तालिम लगायतका कार्यक्रम सञ्चालन गरिनेछ ।
- महिलाहरुको आयमा बढोत्तरी हुने खालका चेतनामुलक तथा सीपमुलक कार्यक्रम र क्षमता बिकासका कार्यक्रमहरु सञ्चालन गरिने छ ।
- महिला हिंसा तथा महिलालाई गरिने दुर्व्यवहार रोक्न शुन्य सहनशीलताको नीति अवलम्वन गरिने छ ।
- महिलालाई समूह समिति गठन गरी सहकारीमा आबद्ध गराइने नीति लिईनेछ ।
- एकल महिलालाई सहकारीमा आबद्ध गराई सहकारीका माध्यमबाट विभिन्न चेतनामूलक कार्यक्रम सञ्चालन गरी समाजमा आत्मसम्मानका साथ बाँच्न र

आय आर्जन छोराछोरीको शिक्षादिक्षाका लागि न्यूनतम ब्याजदरमा ऋण उपलब्ध गराउने नीति लिईनेछ ।

- असहाय बेसाहारा तथा जोखिममा परेका महिलाहरुलाई उनीहरुको आवश्यकताको तालिम सञ्चालन गरी जिविकोपार्जन तथा व्यवसाय प्रवर्द्धन सहयोग गरिनेछ ।

च) **बालबालिकाः**

- प्रदेश सरकारबाट प्राप्त हुने विशेष अनुदानबाट बालविवाह मुक्त गाउँपालिका बनाउन आवश्यक निती बनाई कडाईका साथ लागू गरिनेछ ।
- बालमैत्री स्थानीय शासनको अवधारणा तथा नेपाल सरकार, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट जारी "बालमैत्री स्थानीय शासनः राष्ट्रिय रणनीति र कार्यान्वयन कार्यविधि- २०६८" लाई आत्मसात गरी यस राक्सिराङ्ग गाउँपालिकालाई पूर्ण रुपमा बालमैत्री स्थानीय तहको रुपमा स्थापित गराउने उद्देश्यलाई निरन्तरता दिइनेछ ।
- बालमैत्री स्थानिय शासन कार्यक्रम सम्वन्धमा अभिमुखिकरण गर्ने र त्यसपछिका बर्षहरुमा यस कार्यक्रमलाई क्रमशः कार्यान्वयन गर्ने नीति लिईने छ ।
- बालबालिकालाई सबै किसिमका दुर्व्यवहार, यातना, अपहरण र भेदभावमुक्त बनाउन आवश्यक पहल गरिनेछ ।
- सार्वजनिक विद्यालयमा अध्ययनरत विपन्न बालबालिकाहरुको स्वास्थ्य तथा पोषण सम्बन्धी विशेष लक्षित कार्यक्रम सञ्चालन गर्ने नीति लिइने छ ।
- सार्वजनिक विधालयहरुमा वालक्लब गठन गरिनेछ । वालक्लब गठन भईसकेकाहरुका लागि निरन्तरता दिईनेछ । हरेक विद्यालयको व्यवस्थापन समितिको बैठकमा वाल क्लबबाट १ जना बालक र १ जना वालिकालाई आमन्त्रित सदस्य रुपमा आमन्त्रण गर्नुपर्ने नीति अवलम्बन गरिनेछ ।

- वालश्रम न्यूनिकरणको नीति लिईनेछ ।
- बिहेवारी २० बर्ष पारी भन्ने नीतिलाई कडाइका साथ कार्यान्यवन गरिनेछ । २० बर्षभित्रै विवाह गर्ने जोडीको बिबाह दर्ता गर्ने कार्य र त्यसरी बिवाह गरेका बाबुआमाबाट जन्मने बच्चाको जन्मदर्ता गर्ने कार्यलाई निरुत्साहन गरिनेछ ।
- वालक्लबहरुलाई सचेतनामूलक कार्यक्रम सञ्चालन गरी वाल क्लब मार्फत बालविवाह न्यूनिकरणका लागि पहल गरिनेछ ।

छ) भिन्न क्षमता भएका व्यक्तिहरूः

- विश्वव्यापी मापदण्ड अनुरुप सडक, यातायात, सार्वजनिक स्थल, सरकारी भवन, अस्पताल र विद्यालयहरु अपाङ्ग मैत्री बनाइनेछ ।
- सामाजिक आर्थिक पूर्वाधारहरुको विकास गरी अपाङ्गता भएका व्यक्तिहरुको लागि स्वतन्त्र, स्वावलम्बी र मर्यादित जीवनयापनका अवसरहरुको सिर्जना गरिनेछ ।
- भिन्न क्षमता भएका भएका व्यक्तिहरुको सशक्तिकरणका लागि उनीहरुका संस्थाहरु तथा सरकारी एवं राष्ट्रिय/अन्तराष्ट्रीय गैरसरकारी संस्थाहरुबीच अन्तरसम्बन्ध, सहकार्य, सहयोग र समन्वयलाई सुदृढ बनाइने नीति लिइने छ ।
- भिन्न क्षमता भएकाहरुको तथ्यांक अद्यावधिक गरी अपाङ्गताको प्रकृतिका आधारमा सिप क्षमता अभिवृद्धि साथै आवश्यक सहयोग सामाग्री वितरण गरिनेछ ।

ज) युवाः

- सामाजिक आर्थिक उद्यमशीलताको विकास गर्दै युवाहरुलाई रोजगारी तथा स्वरोजगारी र सामाजिक कार्यका लागि अवसर प्रदान गरिनेछ ।
- विदेश पलायन हुने युवा सोचलाई निरुत्साहित गरी नमूनाको रुपमा युवा व्यवसायिक कृषक उत्पादन गरी कृषि पशु क्षेत्रका विभिन्न व्यवसाय गर्न प्रोत्साहन गर्ने नीति लिईनेछ

- युवाहरुको शिक्षा, तालिम, रोजगारीलाई विशेष ध्यान दिइनेछ । युवाहरुलाई गाउँ भित्र नै आफ्नो भविष्य छ भन्ने भावनाजागृत गराउन एवं आफ्नो श्रम र सीपको सदुपयोग गर्न प्रोत्साहित गर्ने नीति लिइनेछ ।
- युवाहरुको सर्वाङ्गीण व्यक्तित्व विकासका लागि खेलकुदमा सहभागी हुन प्रेरित गरिनेछ ।
- युवा खेलाडीहरुलाई प्रोत्साहन गर्न राक्सिराङ्ग रनिङशील्ड फुटवल प्रतियोगिता सञ्चालन गरिनेछ भने वडामा वडास्तरीय फुटबल खेल आयोजना गरिनेछ ।
- युवा श्रम सहकारी गठन गरी युवा स्वरोजगार कार्यक्रम मार्फत स्वरोजगार बनाउन पयत्न गरिनेछ ।
- महिला भलिबल प्रतियोगिता गराउने तथा खेलाडिहरुलाई खेलकुद सामाग्रि वितरण गरी युवालाई प्रात्साहन गरिनेछ ।

झ) ज्येष्ठ नागरिकः

- ज्येष्ठ नागरिकहरुलाई लक्षित गरी सरकारी तथा गैह्रसरकारी क्षेत्रबाट सञ्चालनमा रहेका जेष्ठ नागरिक भत्ता लगायतका आर्थिक सामाजिक सुरक्षाका कार्यक्रमहरु सञ्चालन र व्यवस्थापन गरिने छ ।
- जेष्ठ नागरिकहरुको ज्ञान, सीप र अनुभवलाई सदुपयोग गर्ने नीति लिइने छ ।
- गाउँ घर क्लिनिक मार्फत जेष्ठनागरिकहरुको स्वास्थ्य परीक्षण गर्ने नीति लिईनेछ ।
- जेष्ठ नागरिकहरुलाई सम्मान गर्ने नीति लिईनेछ ।
- सार्वजनिक सेवा सुविधा तथा स्वास्थ्य परिक्षणमा निश्चित सुविधा उपलब्ध गराउन जेष्ठनागरिक परिचयपत्र बनाई वितरण गर्ने निति अवलम्वन गरिनेछ ।
- "आमा बुवा बचाउ कार्यक्रम" लागू गरी ६० वर्ष माथिका असहाय, दीर्घरोगी जेष्ठ नागरिकहरुलाई सम्बन्धित स्वास्थ्य संस्थामा निशुल्क उपचारको लागि पहल गरिनेछ साथै संयुक्त रुपमा पाटन अस्पतालसँग सहकार्य गरी ६० वर्ष माथिका आमा बुवाको निशुल्क उपचारको लागि संयुक्त लगानीमा कार्यक्रम गर्ने नीति लिइनेछ ।
- नागरिकताबाट बञ्चित जेष्ठनागरिक, अल्पसंख्यक, जनजातीहरुको सुविधको लागि गाउँटोलमै नागरिकता, अपाङ्ग परिचयपत्र वितरण गर्न सम्बन्धित निकायमा पहलकदमी तथा आवश्यक बजेट समेत व्यवस्था गरिनेछ ।

३.पूर्वाधार विकास सम्बन्धी नीतिहरु

क) भौतिक पूर्वाधार क्षेत्रः

- नेपाल सरकारको गाउँपालिका केन्द्र जोड्ने सडक कालोपत्र गर्ने नीति अनुरुप मनहरी चैनपुर सडक खण्ड कालोपत्रे गर्नका लागि प्रदेश सरकारसँग आवश्यक पहल गरिनेछ
- विभिन्न वडामा निर्माण भएको सडकमा पक्कि पुल निर्माण गर्नका लागि विस्तृत परियोजना प्रतिवेदन (DPR) निर्माण गरी उक्त पुलहरु निर्माण गर्नका लागि सम्बन्धित निकायमा पहल गरिनेछ । जस्तै : खरकण्डेटार वडा नं. ६, जिर्खेखोला वडा नं. ५, बोटबारी सरिखेत वडा नं. ३, घोरकोटे गोराङ्दी खोला वडा नं. ४ ।
- विभिन्न वडामा आवश्यक पर्ने झोलुगें पुलहरुको विस्तृत परियोजना प्रतिवेदन तयार गरी सम्बन्धित निकायमा निर्माणको लागि पहल गरिनेछ ।
- गाउँपालिका केन्द्रलाई जिल्ला सदरमुकामसम्म र गाउँपालिकाको केन्द्रबाट वडा केन्द्र जोड्ने सडकहरुलाई निर्माण तथा स्तरउन्नति गर्न प्राथमिकता दिने नीतिलाई निरन्तरता दिइनेछ ।
- खोला विहिन सडक निर्माणलाई जोड दिई बाह्रै महिनासम्म निरन्तर रुपमा यातायात सञ्चालन हुने गरी सडक निर्माण तथा स्तरोन्नतीमा प्राथमिकता दिइनेछ । साथै ट्र्याक नजोडिएका बस्ति तथा टोलमा सडक ट्र्याकले अनिवार्य जोडिनेछ । जस्तै वडा नं. ७ को धिराङ्ग तथा खलिङ्ग, वडा नं. ९ को लोजा, च्यामराङ्ग, गैजुराङ्ग, वडा नं. १ को भुमेथुम तथा घ्यासिंटार वडा नं. ४ को तर्सिकोट इत्यादि ।
- गाउँपालिकालाई प्राप्त स्रोतबाट अपुग हुने करोडौँको सडक तथा अन्य योजनाको बजेटका लागि प्रदेश तथा संघसँग समन्वय तथा सहकार्यमा योजना सञ्चालन गर्ने नीति अवलम्वन गरिनेछ ।
- सार्वजनिक तथा निजी क्षेत्रबाट सञ्चालन गरिने हरेक खालका विकास निर्माण तथा सेवा प्रकृयामा वातावरण संरक्षण तथा प्रर्वद्धनमा विशेष जोड दिइनेछ । सार्वजनिक सडकको दाँयाबाँया वृक्षारोपण गर्नुपर्ने नीति लिईनेछ ।
- पूर्वाधारको विकास एवं निर्माण गर्दा आर्थिक तथा सामाजिक रुपले पछाडि परेका वर्ग, समुदाय, जाती र क्षेत्र लाभान्वित हुने गरी सन्तुलन कायम गर्ने नीति लिइने छ ।

- गाउँपालिका भित्रका रणनीतिक सडकहरुको पहिचानको लागि आवश्यक मापदण्डहरु तय गरिने छ । साथै गाउँपालिका भित्रका सडक र आयोजनाहरुको अभिलेख तयार गरिने छ ।
- हरेक बर्षको चैत्र मसान्तभित्र पूर्वाधार तर्फका आयोजनाहरू सम्पन्न गराउने नीति लिइनेछ । आफ्नो वडाभित्रका सबै योजनाहरुको सबैभन्दा पहिला उभो**भोक्ता समिति** गठन, सम्झौता र सम्पन्न गराउने वडालाई आगामी बर्ष दिइने बजेटमा रकममा थप अंक प्रदान गरिने नीति लिइनेछ ।
- रु ५० लाख रुपैयादेखी माथिका योजना ठेक्का प्रक्रियाबाट गर्ने र सो भन्दा तलका योजनाहरु उपभोक्ता समितिमार्फत गर्ने नीति लिइनेछ । जुनसुकै योजनाको उपभोक्ता समिति गठनमा विवाद उत्पन्न भएमा ठेक्का प्रक्रिया अवलम्बन गरिनेछ ।
- प्रत्येक वडामा हेलिप्याड निर्माण गर्ने नीति अवलम्वन गरिनेछ ।
- घैयाबारी हुँदै खर्लिङ जोड्ने सडक, वडा नं. ७, सिलाधुनी बान्द्राङ लोथर वडा नं.६, चैनपुर, गार्खा, मस्याङ्दि, खैराङ्ग हुँदै धादिङ्ग जोड्ने सडकलाई निर्माणलाई प्राथमिकतामा राखिनेछ भने पर्यटन प्रवर्द्धनमा टेवा पुऱ्याउने चेपाङ्ग मार्गको स्तरीकरणका लागि सम्बन्धित निकायमा पहल गरिनेछ ।

ख) बस्ती विकास तथा शहरी योजना तथा भवन निर्माण सम्वन्धी नीति

- यस गाउँपालिकाको वस्ती विकास तथा शहरी योजना तथा भवन निर्माण सम्वन्धी आधारभुत मापदण्ड निर्माण गरिने छ ।
- भूकम्प प्रतिरोधी भवन निर्माण आचार संहितालाई प्रभावकारी रुपमा सञ्चालन गर्दै लगिनेछ । २०७२ साल बैशाखमा गएको विनाशकारी भुकम्पबाट पिडित घरपरिवारहरुलाई घरनिर्माण यथाशिघ्र सम्पन्न गरी सबै किस्ता प्राप्त गर्न गराउन तथा कार्यसम्पन्न प्रतिवेदन उपलब्ध गराउन पहल गरिनेछ ।
- सरकारी भवनहरु निर्माण गर्दा अपाङ्ग मैत्री भएमा मात्र नक्सा पास गर्ने नीति लिइने छ ।
- नक्शा पास गर्ने गराउन र भू-कम्प प्रतिरोधी भवन बनाउन आवश्यक तालिम र सचेतनामूलक कार्यक्रम सञ्चालन गरिने छ

- गाउँस्तरीय सडकहरु कच्ची सडक निर्माण ग्रावेल तथा स्तरउन्नति गर्न अनिवार्य रुपमा सडकको चौडाई ६ मिटर हुनुपर्ने नीति लिईने छ ।
- गाउँपालिका भित्रका सडकहरुलाई ४ बर्गमा विभाजन गरी A वर्गमा पर्ने सडकहरुको सडक क्षेत्राधिकार २० मिटर , B वर्गमा पर्ने सडकहरुको सडक क्षेत्राधिकार १४ मिटर C वर्गमा पर्ने सडकहरुको सडक क्षेत्राधिकार १० मिटर D वर्गमा पर्ने सडकहरुको सडक क्षेत्राधिकार ६ मिटर कायम गर्ने नीतिलाई निरन्तरता दिइनेछ ।
- गाउँपालिका भवन, वडा कार्यालय तथा स्वास्थ्य चौकीको पक्की भवन निर्माण गर्न जग्गाको व्यवस्था भएपछि विस्तृत परियोजना प्रतिवेदन (DPR) गरी प्रदेश तथा संघीय सरकारमा अनुरोध गर्ने । साथै जुन वडाले पहिलोपटक जग्गा व्यवस्थापन गरी रजिष्ट्रेशन गर्दछ उक्त वडामा त्यस्तो निर्माण कार्य गर्नका लागि प्रथम प्राथमिकता दिइनेछ ।
- एकिकृत वस्ति विकासमा आवश्यक पहल कदमी वडाको मागको आधारमा

ग) सूचना । प्रविधि तथा सञ्चार

- गाउँपालिकाले **सामुदायिक रेडियो राक्सिराङ्ग** स्थापनाका लागि विस्तृत परियोजना प्रतिवेदन तयार गरी सञ्चालन सुरुवात गर्ने नीति अवलम्वन गर्नेछ ।
- गाउँपालिकाको इन्टरनेटको क्षमता बढाइ छिटो चल्ने व्यवस्था गरिनेछ ।
- गाउँपालिकामा एक कम्प्युटर ल्याबको स्थापनामा जोड दिइनेछ ।
- सबै वडामा इन्टरनेट तथा कम्प्युटर प्रणालीको आवश्यक व्यवस्थापन गरी अनलाईन घटना दर्ता सफ्टवयरमार्फत सञ्चालन हुने नीति अवलम्वन गरिनेछ ।
- गाउँपालिकाको योजना शाखा, प्रशासन शाखा, स्टोर, लेखा शाखाका कम्प्युटरहरुमा आवश्यक सफ्टवयर जडान कागजविहिन स्थानीय शासनमैत्री विकासमा जोड दिइनेछ । साथै नेटवर्किङ्गमार्फत कम्प्युटरहरु इन्टरकनेक्सन गरिनेछ ।
- सिसिटिभि, डिजिटल नागरिक वडापत्र, बायोमेट्रिक एटेन्डेन्स प्रणालीमा सुधार गर्दै लगिनेछ ।
- एक वडा एक सूचना केन्द्र स्थापनामा जोड दिइने छ ।

घ) उर्जा र बैकल्पिक उर्जा

- विभिन्न बस्तिटोलमा वैकल्पिक उर्जाबाट सिचाईं खानेपानी विद्युतीकरण जस्ता कार्य गर्न विभिन्न सहयोग सहयोग निकाय वैकल्पिक उर्जा बाट अनुदान र थप गाउँपालिकाले बजेट विनियोजन गरि कार्यान्वयन गर्ने नीति अवलम्वन गरिनेछ ।

- राष्ट्रिय तथा शाखा लाइनको विस्तारका लागि बजेटको व्यवस्था गरिनेछ ।
- लघु जलविधुत, पेल्ट्रिसेट हाइड्रोपावर तथा सौर्य उर्जाको माध्यमबाट आगामी ३ बर्षभित्र टुकीमुक्त गाउँपालिका घोषणा गर्ने नीति लिइनेछ ।
- बैकल्पिक उर्जाको उपयोगलाइ प्राथामिकता दिने नीति लिइनेछ ।
- बैकल्पिक उर्जा हाबाबाट बिजुली, उत्पादनको लागि विभिन्न नीजि व्यवसायिक कम्पनीमार्फत सम्भाब्यता अध्ययन गराई राष्ट्रिय प्रसारण लाइनमा जोड्ने कार्ये लाई प्रोत्साहन गर्ननीति लिईनेछ ।
- साना जलबिधुत आयोजनाको र्निमाण र उपयोग सम्वन्धमा अध्ययन गर्दै जाने नीति लिइनेछ ।
- सामुदायिक वन विकास रकमबाट वृक्षारोपण गरी क्षेतिपूर्तिस्वरुप अनिवार्य गराउने नीति अवलम्वन गरिनेछ ।

४. वातावरण तथा विपद व्यवस्थापन सम्बन्धी नीतिहरु

क) वन

- नाङ्गा डाँडाहरुमा बृक्षारोपण गरी हराभरा बनाउने नीति लिईनेछ
- वन क्षेत्रमा उपलब्ध हुने चिराइतो, अम्रिसो, कुरीलो, लौसी, वेदबाँस,मन्डुला,चिउरी जस्ता विभिन्न प्रजातिका रुख विरुवा एवं जडीबुटीलाई व्यवसायिक खेती तर्फ उन्मूख गरी आय आर्जनको माध्यम बनाउने नीति लिईनेछ ।
- बन र बनक्षेत्रलाई व्यवस्थापन गरी आयमूलक क्षेत्रको रुपमा विकास गर्ने नीति लिईनेछ ।
- वन,कृषि,भू तथा जलाधार संरक्षण, वातावरण आदि परस्पर सम्बन्धित विषयहरुमा एकीकृतरुपमा योजना सञ्चालन गर्ने नीति लिईनेछ ।
- बन पैदाबरमा आधारित लघु उद्धम कार्यक्रम सञ्चालन गर्ने नीति लिइनेछ ।
- समूहद्वारा बिरूवा उत्पादन गर्ने नीति लिइनेछ ।
- सामुदायिक वन व्यवस्थापनको नीति लिइनेछ ।
- निजी वन दर्ता गर्न प्रोत्साहन गर्ने नीति लिइनेछ ।
- बन क्षेत्र मा रहेका सार्वजनिक जग्गाहरूमा उध्यान निर्माणको नीति लिइनेछ ।
- व्यवसायिक रूपमा काठ दाउरा निकासी तथा वनजन्य जडिबुटी वा गैर काष्ठ वन पैदाबर बिक्री वितरणमा कर लगाउने नीति लिइनेछ ।
- बन फँडानीलाइ निरूत्साहित गरी लोपोन्मूख वन्यजन्तु संरक्षणमा जोड दिने नीति लिइनेछ ।
- हरीयो बढाउ सन्ततीलाई जोगाउ भन्ने नारा का साथ एक व्यक्ति एक रुख को नीतिलाई निरन्तरता दिईनेछ ।
- क्षतिपूर्ति बृक्षारोपणलाई अनिवार्य गराईनेछ ।

ख) सार्वजनिक जग्गा संरक्षणः

- गाउँक्षेत्र भित्रका सार्वजनिक जग्गाहरुको संरक्षणको लागि बिशेष पहल गरिनेछ। गाउँक्षेत्र भित्रका ऐलानी/प्रतिजग्गाको लगत लिइ संरक्षणको कार्यलाई अगाडि बढाइने छ र ऐलानी/प्रति जग्गाको उपयोग गरी आय आर्जनको रुपमा परिणत गर्न योजना र कार्यक्रमहरु बनाई कार्यान्वयन गरिने छ। साथै सरकारी जग्गाहरुको समेत लगत लिई व्यवस्थित गरिने छ। सार्वजनिक जग्गामा बनेका घर, भवन, सटर, टहरा, घुम्तीहरुलाई गाउँपालिकाको दायरामा ल्याईने नीति लिईनेछ।

ग) वातावरणः

- नेपाल सरकारले तयार गरी लागु गरेको वातावरणमैत्री स्थानीय शासनको प्रारुप अनुसार यस गाउँपालिकाले आगामी आ.व.देखी नै कार्य आरम्भ गर्नेछ र यस प्रारुपलाई गाउँपालिकाले गाउँपालिकाको मुल नीतिको रुपमा लिई सम्बन्धित कार्यक्रम सञ्चालन गर्ने छ।
- प्राकृतिक वातावरणको संरक्षण, पुनःस्थापना र दिगो उपयोगमा जोड दिईनेछ।
- मूहान तथा पोखरीहरुको संरक्षण गरी रिचार्ज सिस्टममा ध्यान पुर्याइनेछ।
- वातावरण व्यवस्थापनको लागि संस्थागत विकास गर्ने विभिन्न निकायहरुको भूमिका र जिम्मेवारीमा स्पष्टता ल्याई पूर्वाधार विकास कार्यलाई वातावरण मैत्री बनाइनेछ
- पानीको स्रोतको दिगोपनाको लागि पुराना कुवा मुहान तथा पोखरीहरूको मर्मत सम्भार एवं संरक्षणका साथै पुनर्भरण पोखरी)Recharge Pond (बनाउने कार्यलाइ जोड गर्ने नीति लिइनेछ ।

घ) विपद् व्यवस्थापनः

- बाढी पहिरो आगलागी लगायतका प्राकृतिक प्रकोपबाट जनधनको क्षति भएकाहरुका परिवारका लागि खोज उद्दार राहतको सेवा उपलब्ध गराइने नीति लिइनेछ ।

- विपद् व्यवस्थापन सुरक्षा निकाय जनप्रतिनिधि टोल विकास संस्था गैससको सहयोग लिने नीति लिईनेछ ।
- क्षतिको मूल्यांकनका आधारमा न्यूनतम राहत उपलब्ध गराइने नीतिलाई निरन्तरता दिइनेछ
- यस गाउँपालिकाको विभिन्न वडाहरुमा चट्याङ्ग गई मानवीय क्षति हुने कार्यलाई नियन्त्रण गर्न गाउँपालिकाको वडा नं १ को कुपिनटार र सो वासपासमा,वडा नं ३ को कोलडाँडा, केराबारीमा र वडा नं ६ को तथा वडा नं को ८ माइसिराङ्ग संभाब्य क्षेत्रमा अध्ययन गरी अर्थिङ्ग लाईनिङ्ग एरेष्टर राख्ने कार्यलाई प्राथमिकतामा राखिनेछ । साथै सबै वडामा सो उपकरण राख्नलाई सम्भाव्यता अध्ययन तथा जोड दिइनेछ ।
- जलचर र थलचरहरुको संरक्षणका लागि करेन्टलगाई माछा मार्ने, विषादी प्रयोग गर्नेहरुलाई कडा कारबाही गर्ने नीति लिईनेछ ।

(५) संस्थागत विकास, सेवा प्रवाह र सुशासन सम्बन्धी नीतिहरु

क) कार्यालय व्यवस्थापनः

- गाउँ कार्यापालिका कार्यालयको भवन निर्माणमा जोड दिईनेछ । भवन निर्माणका लागि ठूलो बजेट लाग्ने हुनाले प्रदेश सरकार वा संघीय सरकारसँग भवन निर्माणको लागि बजेट माग गरिनेछ
- भएका वडा कार्यालयहरुलाई अझ व्यवस्थित र सेवाग्राही मैत्री बनाइने छ । हाल निर्माणाधिन वडाकार्यालयहरुलाई निरन्तरता दिने नीति लिइनेछ ।
- छुट्याईएको बजेटबाट कार्यालय भवन नबनाउने, गाउँपालिकाबाट तोकिएको समयभित्र तोकिएको कार्य नगर्ने , तोकिएको मितिमा बडाको बैठक नबस्ने, मासिक रिपोर्ट नबुझाउने, वडा कार्यालयमा बसी सेवा नदिने, वडाध्यक्ष र वडासचिवले आफु बिदामा बस्नु अघि माथिल्लो तहबाट स्वीकृति नलिने, वडाध्यक्षले ३ दिनभन्दा बढी बिदामा बस्दा वडा

सदस्यलाई कार्यवाहक नदिने गरेमा प्रत्येक शिर्षकका आधारमा आगामी बर्ष वडामा दिइने बजेटमा कटौति गर्ने नीति लिइनेछ ।

- जनप्रतिनिधि, शिक्षक र कर्मचारीहरुको घरमा अनिवार्य रुपमा शौचालय बनाउनुपर्ने नीति लिइनेछ । सो का लागि ३ महिना समय दिइनेछ । सो समयभित्र पनि शौचालय निर्माण नगरेमा गाउँपालिकाबाट प्रदान गरिदै आएको पारिश्रमिक सेवा सुविधा रोक्ने नीति लिइनेछ ।
- गाउँपालिका र यस अन्तर्गतका वडा कार्यालयहरुलाई देशकै उत्कृष्ट नमूना कार्यालय र अनुकरणीय गाउँपालिका बनाउन चालु आ.व.देखी नै आवश्यक कार्यको थालनी गरिने छ ।

ख) राजस्व सम्बन्धी नीतिहरूः

- आन्तरिक आयका नयाँ र स्थायी स्रोतहरुको खोजी गरिने नीति लिइने छ ।

- आगामी आ.ब.देखी व्यवसाय कर, सम्पत्ति कर जस्ता करहरु लगाई गाउँपालिकाको विकासमा मैले पनि योगदान गर्नुपर्छ भन्ने मान्यताको विकास गराउने नीति लिइनेछ । सम्पत्तिकर बाट आएको रकम सम्बन्धित वडाकै विकासमा खर्च गर्ने नीति लिईने छ ।

- यस गाउँपालिका क्षेत्रभित्र रहेका सवारी साधनहरुले नविकरण गर्दा लिईने स्थानीय कर यसै गाउँपालिकामा अनिवार्य रुपमा बुझाउनु पर्ने नीति लिइनेछ ।

- अन लाईन सिष्टमबाट राजश्व संकलन गर्ने नीति लिईनेछ ।

१. राजस्व असुलीमा संलग्न कर्मचारीको मनोबल उच्च गराउन आवश्यक उत्प्रेरणात्मक नीति लिइने छ ।
२. राजश्व अभिवृद्धिलाई आ.व. २०७६।७७ बाट श्रोत पहिचान गरी कार्य गर्ने नीति लिइनेछ ।
३. संकलित राजश्व गाउँ कार्यपालिका कार्यालयमा तोकिएको समयमा बुझाउने र सबैभन्दा धेरै राजश्व संकलन गर्न वडालाई आगामी बर्ष दिइने अनुदान रकममा रु २ लाख थप अनुदान दिइने नीति लिइनेछ ।

ग) पेश्की/बेरुजु फछ्र्यौट सम्बन्धी नीतिहरूः

- उपभोक्ता समितिलाई पेश्की दिने कार्यलाई निरुत्साहित गरिने छ ।
- हालसम्मको बेरुजुलाई शुन्यमा झार्ने नीति लिइने छ ।
- पुरानो पे.फ. बाँकी रहेका व्यक्ति वा संघसंस्थाहरुलाई अविलम्वन्न पे.फ. गराउन आवश्यक पहल गरिने छ ।

४. हालसम्मको बेरुजुलाई यकीन गरी फछौंट गर्न गराउन समिति गठन गरी कार्य अघि बढाइनेछ ।

घ) लेखापालन तथा लेखा व्यवस्थापन सम्बन्धी नीतिः

- लेखा व्यवस्थापन तथा लेखापालनलाई मितव्ययी र प्रभावकारी बनाइने छ ।
- सार्वजनिक खर्चको मितव्ययीतालाई विशेष ग्राहयता दिइने छ ।
- गा.पा.को आय व्ययलाई मासिक रुपमा सूचना पाटी तथा वेवसाईटमा सार्वजनिक गरिनेछ

ङ) कर्मचारी प्रशासनः

- कर्मचारीको मनोवल उच्च पार्ने नीति लिइने छ । कार्यालयको हित र आन्तरिक आयमा सक्रिय रुपमा लाग्ने कर्मचारीलाई उत्कृष्ट कर्मचारी घोषणा गर्न आवश्यक मापदण्ड तयार गरिने छ ।
- कर्मचारीलाई सेवा प्रति लगनशील र कर्तव्य निष्ठ बनाउन दण्ड र पुरस्कारको नीति कार्यान्वयनमा ल्याइने छ ।

च) सुशासन कार्ययोजनाः

- गाउँ कार्यपालिका कार्यालयलाई भ्रष्टाचार मुक्त र सदाचार युक्त बनाउन आवश्यक पहल गरिने छ ।
- सुशासनका आधारभुत मान्यताहरुलाई आत्मसात गर्दै तद्अनुकुलको व्यवहार गर्दै लगिने छ ।
- कार्यालयको उजुरीपेटीका मार्फत उजुरी गुनासाहरुलाई दैनिक रुपमा प्राप्त गरी फछ्र्यौट गर्दै जाने नीति लिईने छ ।

○ सेवाग्राहीहरुलाई सहजीकरण गर्नका लागि कार्यालयको मुखैमा हेल्पडेक्सको व्यवस्था गरिनेछ ।

○ योजना कार्यान्वयनलाई चुस्त तथा दुरुस्त, पारदर्शी, कडाई तथा अझ प्रभावकारी बनाई जनतालाई अख्तियार दुरुपयोग अनुसन्धान आयोगसम्म पुगी मुद्धा दायर गर्नेसम्मको वातावरणको अन्त्य गरिनेछ। साथै राजनीतिक आस्था, स्वार्थ तथा रिसइविको आधारमा अख्तियारमा मुद्धा हाल्ने प्रवित्ति अन्त्य गरिनेछ । अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा दर्ता भएका मुद्धा मामिलाको यथाशिघ्र फछ्र्यौट तथा सुनुवाईको लागि आवश्यक पहल गरिनेछ ।

○ सामाजिक परिक्षण प्रतिवेदन तयारी, नागरिक वडापत्र प्रतिवेदन तयारी, आवधिक योजना तयारी, वस्तुस्थिति प्रतिवेदन परिमार्जन लगायतका सुशासन प्रवद्धन हुनेखालका कार्यक्रम अवलम्वन गरिनेछ ।

○ टोलटोलमै गाउँसरकारको प्रत्यक्ष अनुभूती दिलाउन टोलटोलमा गई सार्वजनिक सुनुवाई गर्ने, योजना सम्झौता गर्ने, फरफारक पश्चात टोलटोलमै गई भुक्तानिसम्म दिने प्रचलनलाई निरन्तरता दिइनेछ ।

○ गाउँपालिकासँग सरोकार राख्ने जनताका गुनासोहरु, समस्याहरुको सुनुवाई एवं समाधानार्थ गाउँपालिकाले "**जनतासँग जनप्रतिनिधि रेडियो कार्यक्रम**" तथा **हेल्लो गाउँसरकार हेल्प डेस्क**को सुरुवात गर्ने नीति अवलम्बन गर्नेछ ।

श्रीमान सभाध्यक्षज्यू

आर्थिक वर्ष २०७६/७७ को लागि आय तर्फको विवरण

उल्लेखित वार्षिक नीति तथा कार्यक्रमको आधारमा निर्माण गरिने योजना तथा कार्यक्रमको कार्यान्वयनका लागि प्राप्त आयतफको विषयमा जानकारी गराउने अनुमति चाहन्छु ।

५. आगामी आर्थिक वर्षका लागि केन्द्रिय सशर्त अनुदान, वितिय समानीकरण अनुदान, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, प्रदेशको वितिय समानिकरण अनुदान, शिक्षा तथा स्वास्थ्य तर्फको सशर्त अनुदान, विशेष अनुदान, सवारी कर बाँडफाँड तथा गाउँपालिकाले प्रक्षेपण गरेको आन्तरीक राजश्व प्रक्षेपण तथा अन्य स्रोत गरी कूल जम्मा रु. ४५ करोड ९ लाख ७६ हजारको अनुमानित सञ्चित कोष माथि व्ययभार हुने रकम विनियोजन गरेको छु। कूल अनुमानित आय देहायको स्रोत बाट पूर्ति गरिने छ ।

६. कूल आन्तरीक आय प्रक्षेपण : रु. ३ करोड ४२ लाख १५ हजार

७. प्रदेश सरकार अनुदान अनुदान : रु. ५ करोड ३० लाख ६१ हजार

- प्रदेश सरकारबाट प्राप्त हुने कूल अनुदान मध्य देहायको शिर्षकमा प्राप्त हुने रकम
  - शसर्त अनुदान शिक्षा र स्वास्थ्य : १९ लाख ८९ हजार
  - वित्तिय समानिकरण अनुदान : १ करोड १ लाख ६३ हजार
  - विशेष अुनदान : ३ करोड
  - सवारी कर राजश्व बाँडफाँड : १ करोड ९ लाख ९ हजार

८. केन्द्र सरकारबाट प्राप्त हुने कूल अनुमानित रकम : २९ करोड ७३ लाख

- ○ केन्द्र सरकारबाट प्राप्त हुने कूल अनुदान मध्य देहायको शिर्षकमा प्राप्त हुने रकम :
  - ▪ शशर्त अनुदान : ११ करोड १७ लाख
  - ▪ वित्तिय समानिकरण अुनदान : ९ करोड ६७ लाख
  - ▪ राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम : ८ करोड ८९ लाख

९. त्यसैगरी जिल्ला समन्वय समिति मकवानपुरसँगको साझेदारीमा स्थानीय पूर्वाधार साझेदारी कार्यक्रम अन्तरगत रु. १ करोड रकम प्राप्त हुनेछ ।

१०. सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत प्राप्त हुने रकम : ५ करोड

११. गरिबसँग विश्वश्वोर कार्यक्रम अन्तरगत प्राप्त हुने रकम : १० लाख

१२. स्थानीय सामुदायिक विकास कार्यक्रम (LGCDP) मार्फत प्राप्त हुने रकम ४ लाख

१३. चालु आर्थिक वर्ष सञ्चित कोषमा मौज्दाद रहने अनुमानित रकम ५० लाख

श्रीमान सभाध्यक्षज्यू

अब म यस गाउँपालिकालाई प्राप्त हुने रकमको आधारमा आगामी आर्थिक वर्ष २०७६।७७ मा व्यय हुने क्षेत्रहरुको विषयमा जानकारी गराउने अनुमति चाहन्छु ।

<u>आर्थिक वर्ष २०७६।७७ को लागि व्यय तर्फको विवरण</u>

<u>पुँजिगत कार्यक्रम</u>

पुँजिगत कार्यक्रम तर्फ कूल रकम रु. १७ करोड ७८ लाख ३२ हजार रकम विनियोजन गरेको छु । जुन कूल बजेट सिमाको ३९ दशमलव ४ प्रतिशत हुन आउँछ ।

- ○ जसमध्ये पूर्वाधार विकास कार्यक्रम अन्तरगत सबैभन्दा बढि अर्थात रु. १३ करोड १० लाख रकम विनियोजन गरेको छु जुन रकम कूल पुँजिगत बजेटको लगभग ७३.७ प्रतिशत हुन आउँछ ।

- त्यसैगरी वातावरण तथा विपद व्यवस्थापन क्षेत्रमा रु. २ करोड विनियोजन गरेको छु जुन कूल पुँजिगत बजेटको ११ दशमलव २ प्रतिशत हुन आउँछ ।
- संस्थागत विकास सेवा प्रवाह तथा सुशासन क्षेत्रमा रु. १ करोड १८ लाख ३२ हजार रकम विनियोजन गरेको छु जुन कूल अनुमानित पुँजिगत बजेटको ६ दशमलव ७ प्रतिशत हुन आउँछ ।
- प्रदेश सरकारको विशेष अनुदान मार्फत प्राप्त हुने रु. ३ करोड रकम मध्ये ४५ लाख रकम आर्थिक विकास क्षेत्रको पुँजिगत कार्यक्रमका लागि विनियोजित गरेको छु जुन विशेष अनुदान पुँजिगत तर्फ ३० प्रतिशत हुन आउँछ र कूल पुँजिगत बजेटको २ दशमलव ५ प्रतिशत हुन आउँछ ।
- त्यसैगरी प्रदेश सरकारको विशेष अनुदान मार्फत प्राप्त हुने रु. ३ करोड रकम मध्ये १ करोड ५ लाख रकम सामाजिक विकास क्षेत्रको पुँजिगत कार्यक्रमका लागि विनियोजित गरेको छु जुन विशेष अनुदान पुँजिगत तर्फ ७० प्रतिशत हुन आउँछ र कूल पुँजिगत बजेटको ५.९ प्रतिशत हुन आउँछ ।

<u>चालु, प्रशासनिक तथा लक्षित कार्यक्रमहरु</u>

आगामी आर्थिक वर्ष २०७६/७७ का लागि चालु, प्रशासनिक, लक्षित तथा प्रवद्धनात्मक कार्यक्रमहरु अन्तरगत कूल जम्मा रु. २३ करोड ८९ लाख २९ हजार रकम विनियोजन गरेको छु जुन रकम कूल बजेट रकम सिमाको करीब ५३ प्रतिशत हुन आउँछ ।

चालु प्रशासनिक खर्च अन्तरगत देहायका खर्चहरु समेटिनेछन् ।

- प्रशासनिक खर्च २ करोड ८२ लाख
- चालु खर्च ३ करोड ६ लाख ४० हजार
- संघीय सशर्त अनुदान खर्च तर्फका कृषि, पशू, स्वास्थ्य, शिक्षा, प्रधानमन्त्री रोजगार कार्यक्रम, ग्रामीण सामुदायिक पूर्वाधार कार्य को क्षेत्रमा जम्मा रु. ११ करोड १७ लाख
- सामाजिक सुरक्षा कार्यक्रम अन्तरगत रु. ५ करोड ।

- गरिबसँग विशेश्वर कार्यक्रम अन्तरगत रु. १० लाख
- स्थानीय शासन सामुदायिक विकास कार्यक्रम अन्तरगत ४ लाख
- शिक्षा तथा स्वास्थ्य क्षेत्रका लक्षित तथा प्रवद्धनात्मक कार्यक्रम अन्तरगत रु. १९ लाख ८९ हजार
- प्रदेश सरकार विशेष अनुदान लक्षित तथा प्रवद्धनात्मक कार्यक्रम अन्तरगतआर्थिक क्षेत्रमा ४५ लाख तथा सामाजिक क्षेत्रमा १ करोड ५ लाख गरी जम्मा रु. १ करोड ५० लाख

आन्तरिक आय प्रक्षेपणबाट रु. ३ करोड ४२ लाख १५ हजार रकम प्रक्षेपण भएकोमा उक्त रकम समपुरक कोष अन्तरगत रु. २,०५,२९,०००/ राखि प्रदेश सरकार तथा केन्द्रिय सरकारले पारीत गरेको समपुरक कार्यविधि बमोजिम योजना छनौट गरी थप समपुरक अनुदानको लागि रकम माग गरि योजना तथा कार्यक्रम तय गरी कार्यान्वयन गरिनेछ ।

समपुरक कोषमा राखिएको रकम कूल बजेट सिमाको ४ दशमलव ५५ प्रतिशत हुन आउँछ ।

अन्त्यमा, यस गाउँपालिकाले लिएको प्रमुख नीति कृषि, उद्योग, पर्यटन पूर्वाधार, राक्सिराङ्गको विकासको मूल आधारलाई सार्थकता दिन विनियोजन गरिएको उल्लेखित बजेटको सफल कार्यान्वयन को सुभेक्षा प्रकट गर्दछु साथै उल्लेखित वार्षिक नीति तथा कार्यक्रम सभा तथा सम्बन्धित समितिहरुमा दफाबार छलफल होस् भन्ने प्रस्ताव राख्दै विदा हुन्छु, धन्यवाद ॥

प्रस्तुतकर्ताः
निर्मला हिमडुङ
उपाध्यक्ष
मिति २०७६ असार १०